**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ अक्तूबर २०२५

समयः १८:५० – १६:०० बजे

**मुख्य समाचार**

- दार्जिलिङको सांसद राजु विष्टले केन्द्र सरकारले नियुक्त गरेको इन्टरलोक्युटरले पहाड़का विभिन्न राजनैतिक दलहरुएवं विभिन्नसंघ संस्थाहरुका प्रतिनिधिहरुसित कुराकानी गर्ने बताउनुभएको छ।

- भारतका गोर्खा नेपाली समुदायले आजदेखि शुरु भएको दिवाली तिहार अन्तर्गत, काग तिहार मनाए।

- तिहारहरुको अवधि यात्रीहरुको भारी भीड़लाई ध्यानमा राख्दै भारतीय रेलद्वारा देशभरीमा सैकड़ौं विशेष रेलगाड़ीहरु चलाइँदैछ।

- दार्जिलिङका सांसद राजु बिष्टले दार्जिलिङ हिमालयन रेलवे केवल यातायातको साधन मात्र नभएर दार्जीलिङ्गका मानिसहरुको परिवारकै हिस्सा रहेको बताउनुभएको छ।

- मौसम विभागले लक्ष्मी पूजादेखि भाइटीका सम्म तिहारको समयमा कुनै ठूलो प्राकृतिक व्यवधानको आशंका नरहेको बताएको छ।

**राजू- प्रतिक्रिया**

दार्जिलिङ पहाड तराई र डुवर्सको लागि केन्द्रले इन्टरलोक्युटर नियुक्ति गरेकोमा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले असन्तुष्ट व्यक्त गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्राचार गरेको विषयमा दार्जिलिङ सांसद राजु विष्टले आज प्रतिक्रिया दिएका छन्। मुख्यमन्त्री ममता ब्यानर्जीले यस विषयमा प्रधानमन्त्रीलाई पत्रचार गरेको विषयमा आज सोनादामा पत्रकारहरुले सोधेको प्रश्नको उत्तरमा सांसद राजु विष्टलेए केन्द्र सरकारले दार्जिलिङ पहाड र तराई डुवर्सको जनतामाथि न्याय होस् भनी चाहेकोए तर राज्यले यहाँको जनतामाथि न्याय होस् भन्ने नचाहेको बताउनुभयो। उहाँले २०२१ मा गृहमन्त्री अमित शाहको अध्यक्षतामा भएको वार्तामा राज्य सरकारलाई बोलाइएको तर राज्य सरकार पक्षबाट कोही नआएको पनि बताउनुभयो। २०२३ मा पनि राज्यबाट कोही नआएको अनि अब तेस्रोपटक गोर्खाहरुको मुद्दाको लागि केन्द्रले इन्टरलोक्युटर नियुक्ति गरेको राजू विष्टले बताउनुभयो। उहाँले अझ भन्नुभयो श्इन्टरलोक्युटरले वार्ताकारको रुपमा आएर यहाँको विभिन्न राजनैतिक दलहरु जीटीएको नेताहरु एवं अधिकारीहरुए विभिन्न संघ संस्थाहरुका प्रतिनिधिहरुसित कुराकानी गर्नेछन्। यसको साथै सुश्री ममता ब्यानर्जीले केन्द्रमा पत्र लेखेर मुख्यमंत्री जनताको विरुद्धमा रहेको स्पष्ट भएको पनि श्री विष्टले बताउनुभएको छ।

**काग तिहार**

भारतका गोर्खा नेपाली समुदायले आजदेखि शुरु भएको दिवाली तिहार अन्तर्गतए काग तिहार मनाए। आज मानिसहरुले पौराणिक कथालाई पारम्परिक ढंगले स्मरण गर्दै कागलाई विभिन्न खानेकुराहरु दिए। कागलाई मानव कल्याणकालागि सन्देश ल्याउने-लैजाने सन्देश वाहकको रुपमा मानिन्छ। दार्जीलिङ्ग पार्वतीय क्षेत्र अनि सिक्किममा मानिसहरुले महिना दिन अघिदेखि नै आ-आफ्ना घरहरु साफ सुग्घर अनि रंग पचेरा गरी धनकी देवी लक्ष्मीको स्वागतको लागि तयारी गरी रहेका छन्। पश्चिम बंगालका

अन्य भागहरुमा लक्ष्मी पुजाए काली पुजाको रुपमा मनाउने गरिन्छ। भोलि दार्जीलिङ्ग पार्वतीय क्षेत्र अनि सिक्किममा बिहान कुकुर तिहार मनाइने छ भने बेलुकी लक्ष्मी मातालाई पुज्न गोर्खा समुदायका मानिसहरु तयारीहरुमा जुटेका छन्।

**अयोध्या-दीपोत्सव**

उत्तर प्रदेशमा अयोध्यामा दीपावलीको पूर्व संध्यामा आज साँझ भव्य दीपोत्सवको आयोजन गरिन्दैछ। राज्य सरकारले रामकी पैड़ी सहित अयोध्याका 56 घाटहरूमा 26 लाखभन्दा बढी दीयो बालेर गिनिज विश्व रेकर्डमा नाम दर्ता गर्न चाहन्छ। यस वर्षए सरयू तटमा 21 सय वेदाचार्यहरूले महा आरतीमा भाग लिनेछन् र श्लोकको वाचन गर्नेछन्ए जुन अर्को विश्व रेकर्ड बन्न सक्छ।यस अवसरमा राज्यपाल आनंदीबेन पटेल र मुख्यमंत्री योगी आदित्यनाथ पनि उपस्थित रहनुहुनेछ।

**दिवाली यात्रा भीड़**

त्यौहारहरुको अवधि यात्रीहरुको भारी भीड़लाई ध्यानमा राख्दै भारतीय रेलद्वारा देशभरीमा सैकड़ौं विशेष रेलगाड़ीहरु चलइँदैछ। अधिकांश यात्रीहरुको गंतव्य उत्तर प्रदेश अनि बिहार रहेको छ भने चेन्नई बाट १८ लाख मानिसहरु त्यौहार मनाउनकालागि आ-आफ्नो गृह प्रदेशहरुका लागि प्रस्थान भइरहेका छन्। तमिलनाडु राज्य परिवहन निगमले २० हजार भन्दा अधिक बसहरु चलाइरहेका छन्ए जसपछि पनि प्रमुख बस टर्मिनल अनि रेलवे स्टेशनहरुमा मानिसहरुको भारी भीड़ बनी रहेको छ। रेल मंत्री अश्विनी वैष्णवले हिज नयाँ दिल्ली रेलवे स्टेशनको भ्रमण गर्नुहुँदै नयाँ होल्डिंग एरियाको कारण एकै समय मा ७५ हजार सम्म संख्या को यात्रीहरुलाई संभाल्नमा सहायता प्राप्त भइरहेको बताउनुभयो। होल्डिंग एरियामा टिकट काउंटर अनि शौचालयहरु छन्। यसै बीच घरेलू विमान भारामा तिव्र गतिमा बढ़ोतरी भइरहेको छ। मुम्बई देखि दिल्ली, लखनऊ अनि अमृतसरका लागि उड़ानहरु सबै भन्दा महंगो रहेको छ। यात्रीहरुले विमान भारामा वृद्धिलाई अनुचित बताउँदै यसलाई तर्कसंगत बनाउने मांग गरिरहेको छ।

**ईडी-तृणमूल विधायक साहा**

प्रवर्तन निदेशालय - म्क ले हिज कोलकाता मा धन शोधन निवारण अधिनियम अर्थात पीएमएलए को एक विशेष अदालत मा पश्चिम बंगाल मा करोड़ौं रुपियाँको शिक्षक भर्ती घोटाला मा संलिप्तता को संबंध मा तृणमूल कांग्रेस को विधायक जीवन कृष्ण साहा विरुद्ध आरोप पत्र दर्ता गरेको छ। मुर्शिदाबाद जिल्लाको बरवान विधानसभा क्षेत्रबाट विधायक साहालाई यस वर्ष अगस्त मा ईडी अधिकारीहरुले हिरासत मा लिएका थिए। साहा हाल न्यायिक हिरासतमा रहेका छन्। आरोप पत्र मा आरोपी विधायक को 12 संपत्तियको विवरण पनि शामेल छए जसलाई किन्ने धन को स्रोत काल्पनिक रहेको बताइएको छ। साहालाई यस अघि सीबीआई का अधिकारीहरुले गिरफ्तार गरेका थिएए जसले शिक्षक भर्ती घोटाला मामला मा समानांतर जांच गरिरहेका थिए। यद्धपीए तृणमूल कांग्रेस विधायकलाई पछि बाट सीबीआई द्वारा दर्ता मामलामा जमानतमा रिहा गरिएको थियो

**प्लगिंग अभियान**

हिमालयन रनर्स सोनादा सम्म प्लगिंग अभियान सम्पन्न भएको छ। महात्मा गांधीको दार्जीलिङ आगमनको सय वर्ष पूरा भएको अवसरमा हिमालयन रनर्स घूमद्वारा आज घूमदेखि सोनादासम्म प्लगिंग अर्थात हिंड़दै फोहोर मैला उठाउने अभियान सम्पन्न गरेको छ। यस अभियानका हिमालयन रनर्स घूमका १८ जना सदस्यहरू सहभागी भएको थिए। बाटोभरी फोहोरहरू संकलन गर्दै रनर्स घूमका सदस्यहरूले स्वच्छ हिमालय भन्ने नारामा जनचेतना फैलाए।

**मौसम**

राज्यमा वर्षाको मौसम समाप्त भएपनि आकाशबाट बादल हटेको छैन। दक्षिणबाट मनसुन फिर्ता भएपछिए उत्तरबाट चिसो हावा बिस्तारै राज्यमा प्रवेश गरिरहेको छ। यो सुख्खा हावा र पूर्व दिशाबाट आउने आर्द्र हावाको टक्करले बंगालका धेरै भागहरूमा फेरि हल्का वर्षा हुने सम्भावना छ। मौसम विभाग अनुसार लक्ष्मी पूजादेखि भाइटीका सम्म तिहारको समयमा कुनै ठूलो प्राकृतिक व्यवधानको आशंका छैन। उत्तर बंगालका पर्वतीय जिल्लाहरू - दार्जिलिङए जलपाईगुडी र कालिम्पोङ – मा

आज हल्का देखि मध्यम वर्षाको सम्भावना छ।रहल जिल्लाहरुमा मौसम सुखा रहनेछ र आकाशमा आंशिक बादल लाग्नेछ।भोली देखि उत्तर बंगालमा पनि मौसम सफा हुने संभावना छ।

**संशो जितेन्द्र नेफिथ्रोमाइसिन**

विज्ञान अनि प्रौद्योगिकी मंत्री डॉ. जितेंद्र सिंहले दवाई अनि बायोटेक्नॉलोजी क्षेत्र मा आत्मनिर्भरता को दिशा मा भारतले महत्वपूर्ण उपलब्धि प्राप्त गर्दै आफ्नो पहिलो स्वदेशी एंटीबायोटिक दवाई नेफिथ्रोमाइसिन विकसित गरेको बताउनुभएको छ। नयाँ दिल्ली मा हिज तीन दिवसीय चिकित्सा कार्यशाला को उद्घाटन गर्नुहुँदै उहाँले भन्नुभयो कि यो एंटीबायोटिक दवाई प्रतिरोधी श्वसन संक्रमणहरुलाई समाप्त गर्नकालागि प्रभावी छ। उहाँले भन्नुभयो कि यो दवाई विशेष रूपले कैंसर रोगी अनि अनियंत्रित मधुमेह रोगीहुरुका लागि लाभदायक छ। डॉ. जितेन्द्र सिंहले एक अन्य प्रमुख वैज्ञानिक उपलब्धि - हीमोफीलिया को उपचार मा जीन थेरेपी को सफल स्वदेशी नैदानिक परीक्षण को पनि जानकारी दिनुभयो। जैव प्रौद्योगिकी विभागको सहायताद्वारा यो परीक्षण तमिलनाडु को वेल्लोर मा क्रिश्चियन मेडिकल कॉलेज मा गरिएको छ। उहाँले भन्नुभयो कि यस थेरेपी द्वारा ६० देखि ७० प्रतिशत सम्म सुधार दर प्राप्त भएको छ। उहाँले अझ भन्नुभयो कि यस परीक्षणको परिणाम श्न्यू इंग्लैंड जर्नल ऑफ मेडिसिनश मा प्रकाशित भएको छ। डॉ. सिंहले भन्नुभयो कि भारतले अघिबाटै दस हजार भन्दा अधिक मानव जीनोम अनुक्रमित गरिसकेको छ अनि आगामी वर्षहरुमा यसको संख्या बढ़ेर दस लाख सम्म हुने लक्ष्य रहेको छ। डॉक्टर जितेन्द्र सिंहले देशलाई आफ्नो वैज्ञानिक अनि अनुसंधान विकासलाई गति दिनकालागि एक आत्मनिर्भर पारिस्थितिकी तंत्र विकसित गर्न माथि जोड़ दिनुभयो। एआई आधारित हाइब्रिड मोबाइल क्लीनिकले ग्रामीण अनि सुदूरवर्ती क्षेत्रहरुमा सेवा प्रदान गरी सबैको लागि गुणवत्तापूर्ण स्वास्थ्य सेवाहरु सुनिश्चित गरिरहेको पनि श्री जितेन्द्र सिंहले बताउनुभएको छ।

****** ० ******